# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड २</td><td>संख्या १</td><td>मिति ............</td></tr>
<tr><td colspan="3">भाग २<br><br>अर्जुनचौपारी गाउँपालिका<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

# “अर्जुनचौपारी गाउँपालिकाके सुनौलो निवृत्तिभरण कार्यक्रमको कार्यविधि, २०७९”

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८०/११/१४

**प्रस्तावनाः** गण्डकी प्रदेश स्याङ्जा जिल्ला अर्जुनचौपारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि र लामो समय सम्म शिक्षण पेशामा संलग्न रही योगदान पुऱ्याउने शिक्षकहरुको सम्मान स्वरुप अर्जुनचौपारी गाउँपालिकाले ल्याएको सुनौलो निवृत्तिभरण कार्यक्रम  कार्यान्वन सम्बन्धी यो कार्यविधि तयार गरी कार्यान्वनको लागि अर्जुनचौपारी गाउँपालिकाले स्वीकृत गरेको छ ।

## परिच्छेद-१

**प्रारम्भिक**

**१. नाम र प्रारम्भः**

क. यो कार्यविधिको नामः सुनौलो निवृत्तिभरण कार्यक्रम कार्यान्वन कार्यविधि, २०७९ रहनेछ ।

ख. यो कार्यविधि अर्जुनचौपारी गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **समय सीमा र क्षेत्रः** यो कार्यक्रम अर्जुनचौपारी गाउँपालिका अन्तर्गतका विद्यालयहरुका स्थायी शिक्षकहरुमा प्रथम पटक लागू हुनेछ ।

३. **कार्यक्रमको समाप्तीः** सुनौलो निवृत्तिभरण कार्यक्रम आ.व. २०८०/०८१ को समाप्ती संगसंगै समाप्त हुनेछ ।

## परिच्छेद -२

## कार्यक्रम कार्यान्वन प्रकृया

क. यो कार्यक्रममा सहभागि हुन स्थायी सेवामा २० बर्ष पुरा हुने र सो मिति सम्म ५८ बर्ष उमेर नपुगेको शिक्षक हुनु पर्नेछ ।

ख. शिक्षा शाखाले यो कार्यक्रमबाट लाभान्वित हुन योग्य र इच्छुक शिक्षकहरुको लागि १५ दिन अवधिको सूचना प्रकाशित गरी निवेदन माग हुनु पर्नेछ ।

ग. निवेदनको साथमा विद्यालय व्यवस्थापन समितिको सिफारिस र जिल्ला शिक्षा समन्वय इकाइले प्रदान गरेको अवकाश पत्र अनिवार्य हुनु पर्नेछ ।

घ. शिक्षा शाखाले प्राप्त हुन आएका निवेदन सहितका कागजातहरु जाँचबुझ गरी सुनौलो निवृत्तीभरण रकम स्वीकृतीको लागि अर्जुनचौपारी गाउँशिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

ङ. गाउँशिक्षा समितिले प्रति व्यक्ति रु १,००,०००।- सुनौलो निवृत्तिभरण रकम स्वीकृत गर्नेछ ।

च. शिक्षा शाखा मार्फत सम्बन्धित शिक्षकलाई उपरोक्त रकम उपलव्ध गराईनेछ ।